भिमसेनथापा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाञ्चोक, गोरखा

# भिमसेनथापा गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## खाञ्चोक गोरखा

## भिमसेनथापा गाउँपालिकाको विनियोजन ऐन, २०७६

Scanned with CamScanner

**भिमसेनथापा गाउँपालिकाको आर्थिक बर्ष २०७६/२०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

सभाबाट स्वीकृत मिति: २०७६/०३/३०

<u>प्रस्तावना :</u>

भिमसेनथापागाउँपालिकाको आर्थिक बर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम भीमसेन गाउँ सभाले यो ऐन बनाएको छ ।

१.<u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस ऐनको नाम "भिमसेनथापा गाउँपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.<u>आर्थिक वर्ष २०७६।०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:</u> (१)आर्थिक वर्ष २०७६।०७७ को निमित्त भिमसेनथापा गाउँपालिकाको, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ४९,८४,५१,००० (अक्षेरुपी उनन्पचास करोड चौरासी लाख एकाउन्न हजार रुपैयामात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. <u>विनियोजन:</u> (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्ने अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ को निमित्त भिमसेनथापा गाउँपालिकाको कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा भिमसेनथापागाउँपालिकाको कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

Scanned with CamScanner

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च [illegible] एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा भिमसेनथापा गाउँपालिकाको सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | भिमसेनथापा गाउँपालिकाको कार्यपालिका | २८४५७१ | १४४५३० | | ४२९१०१ |
| २ | | वडा समिति | | ५७५५० | | ५७५५० |
| ३ | | विषयगत शाखा | | | | |
| ४ | | गाउपालिकाको कोष | | | १८०० | १८०० |
| ५ | | विशेष अनुदान (गण्डकी प्रदेश) | | १०००० | | १०००० |

Scanned with CamScanner

भिमसेनथापा गाउँपालिकाको पाचौं गाउँसभाको मिति २०७६/०३/३० गते वसेको दोश्रो वैठकले पारित गरिएको विनियोजन विधेयक २०७६ गाउँपालिकाका अध्यक्ष श्री ईश्वर पाण्डेवाट प्रमाणिकरण गरिएकोछ ।

नाम : ईश्वर पाण्डे
पद : अध्यक्ष
मिति : २०७६।०३।३०

Scanned with CamScanner